2026

# प्रयोगकर्ता पुस्तिका

Online Application MIS

नेपाल सरकार

स्वास्थ्य बिमा बोर्ड

बबरमहल, काठमाडौं

## Contents

पृष्ठभूमि .......... 2
Online Application Forms .......... 2
Vacancy List .......... 5
Applied Application .......... 6

# पृष्ठभूमि

अनलाइन रिक्त पद आवेदन फारम (Application Form) स्वास्थ्य बीमा बोर्ड, नेपाल द्वारा जारी रिक्त पद (Vacancy) घोषणाहरूको लागि आवेदनहरूको दर्ता र पेश गर्न सहज बनाउन डिजाइन गरिएको वेब-आधारित इलेक्ट्रोनिक प्रणाली हो । यो प्रणालीले आवेदकहरूलाई सुरक्षित र प्रयोगकर्ता-मैत्री अनलाइन प्लेटफर्म मार्फत विज्ञापित पदहरूको लागि आवेदन दिन सक्षम बनाउँछ, जसले म्यानुअल, कागज-आधारित सबमिशनहरूको आवश्यकतालाई हटाउँछ। आवेदन रिक्त पद प्रशासकहरू (सिर्जनाकर्ताहरू) र रिक्त पद आवेदकहरू दुवैलाई सेवा दिन डिजाइन गरिएको हो, भर्ती प्राधिकरण र उम्मेदवारहरू बीच निर्बाध अन्तरक्रिया सुनिश्चित गर्दै।

उम्मेदवारहरूको लागि आवेदन प्रक्रिया सरल बनाउनुको साथै, अनलाइन दर्ता प्रणालीले कुशल इलेक्ट्रोनिक रेकर्ड राख्ने, डेटा प्रमाणीकरण, स्वचालित डेटा प्रशोधन, र संरचित रिपोर्टिङलाई समर्थन गर्दछ। सबै आवेदक जानकारी सुरक्षित रूपमा केन्द्रीकृत डिजिटल डाटाबेसमा भण्डारण गरिएको छ, जसले प्रशासनिक र मूल्याङ्कन उद्देश्यका लागि डेटा शुद्धता, स्थिरता र सजिलो पुन: प्राप्ति सुनिश्चित गर्दछ।

यस प्रणालीमा स्वास्थ्य बीमा बोर्डमा जागिर आवेदनहरूको लागि आवश्यक पर्ने मानकीकृत इलेक्ट्रोनिक फारमहरूको सेट समावेश छ, जस्तै व्यक्तिगत विवरण, शैक्षिक योग्यता, व्यावसायिक अनुभव, र कागजात अपलोडहरू। यी फारमहरू संस्थागत आवश्यकताहरूको पालना गर्न र सुव्यवस्थित छोटो सूचीकरण, अनुगमन, र निर्णय प्रक्रियाहरूलाई समर्थन गर्न डिजाइन गरिएको हो।

समग्रमा, अनलाइन रिक्तता आवेदन फारमले संस्थाको डिजिटल शासन र सूचना व्यवस्थापन क्षमताहरूलाई सुदृढ पार्दै भर्ती व्यवस्थापनमा पारदर्शिता, दक्षता र विश्वसनीयता बढाउँछ।

# Online Application Forms

अनलाइन रिक्त पद आवेदन प्रणालीमा जागिर रिक्त पदहरूमा आवेदन दिन आवश्यक पर्ने विभिन्न इलेक्ट्रोनिक फारमहरू र मेनुहरू हुन्छन्। तल सूचीबद्ध फारमहरू र मेनुहरू विशेष रूपमा आवेदकको लागि भर्ने फारमहरू हो।

## 2.1 Application log in




*Figure 1 : Log in Screen*

जब प्रयोगकर्ताले वेब ब्राउजरमा एप्लिकेसन URL (https://vacancy.hib.gov.np/) प्रविष्ट गर्छ, लगइन पृष्ठ देख्न सकिन्छ । यदि प्रयोगकर्ता पहिले नै प्रणालीमा दर्ता भइसकेको छ भने, लगइन फारममा आफ्नो प्रयोगकर्ता नाम र पासवर्ड प्रविष्ट गरेर एप्लिकेसन भित्र सक्छन्। यदि प्रयोगकर्ताले अझै साइन अप गर्नुभएको छैन भने, तिनीहरूले खाता सिर्जना गर्न प्रयोगकर्ता दर्ता (साइन-अप) प्रक्रिया पूरा गर्नुपर्छ।

प्रयोगकर्ता साइन-अप प्रक्रिया र दर्ता फारम तल देखाइएको छ:




*Figure 2 : User sign-up form*

प्रयोगकर्ता खाता सिर्जना गर्न दर्ता बटनमा क्लिक गर्नु अघि दर्ता फारमका सबै फिल्डहरू भर्नु पर्दछ । सफल दर्ता पछि, प्रयोगकर्ताले back to login मा क्लिक गर्नुपर्छ, जसले तिनीहरूलाई प्रणालीको लगइन पृष्ठमा पुग्न सकिन्छ। लग इन पेजमा आफ्नो प्रयोगकर्ता नाम र पासवोर्ड राखी सकेपछि प्रणालीको पहुचमा पुग्न सकिन्छ |

## 2.2 Application Form Dashboard

आवेदकले लग इन गरे पश्चात आवेदकले आवेदन दिन प्रणाली भित्रको फारमहरुको पेजमा पुग्दछ | तल देखाएको चित्र आवेदन दिने फारमहरु र मेनुहरुको dashboard को चित्र हो |




*Figure 3 : Applicant's profile registration form*

जब आवेदकले **my profile मेनु क्लिक गर्नुहुन्छ तब Profile registration फारम माथि चित्र देखिएको अनुसारको screen प्रणालीमा देख्न सकिन्छ | आवेदकले आफ्नो सपूर्ण विवरण यस फारमहरुमा नभरी आवेदन दिन सक्दैनन् | My Profile भित्र निम्नानुसारको फारमहरू रहेका छन् |**

**१. Personnel: यस फारम व्यक्तिगत निजि विवरणहरु भर्नु पर्दछ |**

२. Extra: यस फारममा अन्य ब्यक्तिगत विवरणहरु भर्नु पर्दछ |

३. Contact: आवेदकको सम्पर्क विवरण यस फारममा भर्नु पर्दछ |

४. Documents: यस फारममा आवेदकको फोटो, नागरिकताहरु अपलोड गर्नु पर्दछ | बढीमा ४०० MB को jpg वा jpeg वा png format मा हुनु पर्दछ |

५. Education: शैक्षिक विवरण यस फारममा आवेदकले भर्नु पर्दछ |

६. Training: तालिम लगायतका विवरणहरु यस फारममा भर्नु पर्दछ |

७. Professional Council: यदि कुनै आवेदकसंग कुनै professional council को विवरण भय यस फारममा भर्नु पर्दछ |

८. Experience: अनुभव सम्बन्धि विवरणहरु आवेदकले यस फारममा भर्नु पर्दछ |

९. Preview: आवेदकले भरेको सम्पूर्ण विवरण यस मेनुबाट हेर्न सकिन्छ |

**नोट : हरेक फारम भरे पश्चात आवेदकले फारमको पुछारमा रहेको सेभ (SAVE) बटनलाइ क्लिक गर्नुहोस जसले तपाइले भरेको फारम सुनिश्चित गराउदछ |**

## Vacancy List

आवेदकले Vacancy मेनु क्लिक गरे पश्चात तल देखिएको चित्र जस्तै Vacancy list देख्न सकिन्छ | सुचीको दाया पट्टि actions भित्र apply बटन राखिएको छ, सुचिमा देखिएको आफुले जुन पदमा आवेदन दिने हो सो पदको action भित्रको apply बटन लाइ थिच्नु पर्दछ | आवेदन दिन apply बटन थिचे पश्चात you have applied process for the payment भन्ने म्यासेज देख्न सकिन्छ |




*Figure 4 : Vacancy List screen*

## Applied Application

आवेदन दिए पश्चात आवेदकले आवेदनको लागि लाग्ने शुल्क तिर्नु पर्दछ जुन अनलाइन मार्फत तिर्न सकिन्छ | My Application मेनु थिचे पश्चात पेमेन्ट गर्नको लागि तल देखिए अनुसारको चित्र देख्न सकिन्छ जहा कति रकम तिर्ने हो सो को विवरण देख्न सकिन्छ |




*Figure 5: My Application Screen*

Screen मा देखिएको Pay Rs……… बटन लाइ थिचे पश्चात Payment option देख्न सकिन्छ | शुल्क तिरे पश्चात तपाइको आवेदन सुनिश्चित हुन्छ |